कार्यपालिका बैठक संख्या:- १३२
बैठक मिति :-२०८०/०३/२९
अध्यक्षता:-नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं १**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र लक्षित समूहका करिब शत प्रतिशत बालबालिकाहरुले आवश्यक खोप लगाइ सकेको तथ्याङ्कका आधारमा इटहरी उपमहानगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

भूमिहीन सकुम्बासी/अव्यवस्थित बसोबास सेवा केन्द्र सम्बन्धमा छलफल गर्दा इटहरी उपमहानगर नगर कार्यपालिकामा कार्यरत तथ्याङ्क अधिकृत श्री कमल राज गिरीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**निर्णय नं ३**

इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयद्धारा प्रवाह गर्ने सेवा सुविधा सम्बन्धी आन्तरिक नियन्त्रण कार्य प्रणालीलाई व्यवस्थित गर्नका निम्ती आन्तरिक नियन्त्रण कार्यविधी, २०८० को मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र निर्माण हुने भवन संरचनाहरुको डिजाइन नक्सा निर्माण सहुलियत दरमा नगर कार्यपालिकाको कार्यालयद्धारा नै गरिदिने व्यवस्थाका लागि "घर नक्सा निर्माण सेवा कार्यविधी, २०८०" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

इटहरी उपमहानगरपालिका अर्थ तथा सार्वजनिक लेखा समिति गठन र सञ्चालन नियामावली,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

आगामी आ.व. ०८०/८१ मा इटहरी उपमहानगरपालिकाले वस्तु तथा सेवा खरिद सम्बन्धी व्यवस्था गर्नका लागी तयार देहाय बमोजिमको स्थानीय दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

क. खुल्ला व्यायमशाला सामाग्रीको दररेट

ख. प्राविधिक ल्याब सामानको दररेट ।

ग. व्यायामशाला (Indoor)सामाग्रीको दररेट ।

निर्णय नं ७

सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५(क) को उपनियम(१) बमोजिम मुल्यांकन समितिले प्रस्ताव मुल्यांकन गर्दा एकल वा सयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता,सिलबन्दी दरभाउपत्रदाता,प्रस्तावदाता,परामर्शदाता,सेवा प्रदायक,आपूर्तीकर्ता,निर्माण व्यवसायी वा अन्य फर्म,संस्था वा कम्पनिका संचालक उपर भ्रष्टाचारको कसुरमा मुद्धा दायर भए नभएको सम्बन्धमा यकिन गरि त्यस्तो मुद्धा दायर भएको देखिएमा सम्बन्धित निकाय मार्फत नेपाल सरकार समक्ष लेखि पठाउनु पर्ने व्यवस्था भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल,काठमाण्डौ को मिति २०८०/०२/२३ गतेको प्रेस विज्ञप्ति अनुसार माथि पेश हुन आएका बोलपत्रहरु मध्ये श्री D.K contruction,itahari-5 sunsari का प्रोपाईटर श्री कृष्ण बहादुर कटुवाल लाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम दण्ड सजाय गरी बिगो जफत समेत गर्न मागदाबी लिई विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरेको हुँदा सो बोलपत्रदाताको बोलपत्र लाई मुल्यांकन प्रक्रियामा समावेश गर्ने या नगर्ने भनि इटहरी उपमहानगरपालिका नगर कार्यपालिका सँग आवश्यक निर्देशन माग भई आएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५(क) को उपनियम(२) मा भएको व्यवस्था वमोजिम उक्त वोलपत्रदाता श्री D.K contruction,itahari-5 sunsari लाई मूल्यांकन प्रक्रियामा समावेश नगर्ने निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८

इटहरी उपमहानगरपालिकाको सहकारी नियमावली,२०८०,सहकारी संस्था एकिकरण सम्बन्धी कार्यविधी,२०८० र इटहरी उपमहानगरपालिकाको सहकारी संघ/ संस्था दर्ता,संचालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९

इटहरी उपमहानगरपालिका पदाधिकारीहरु र नगरकार्यपालिकाको कार्यालयलाई विपक्षी बनाई सम्मानित सुनसरी जिल्ला अदालतमा परेको मुद्दा उपर भएको फैसला बमोजिम सम्बन्धित फर्म, कम्पनी, निर्माण व्यवसायीहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १०

साविक इटहरी उपमहानगरपालिका वडा नं ६/ख को कि.नं ५१० र ५११ कित्ता नं को जग्गा सम्बन्धी परेको निवेदन र सो सम्बन्धमा कार्यालयद्धारा गरिएको प्राविधिक टोलीवाट प्राप्त प्रतिवेदन माथि निर्णय गरी कार्यपालिका समक्ष राय पेश गर्नका निम्ती न्यायिक समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं ११

इटहरी उपमहानगरपालिका वडा नं१२ मा लाग्ने दैनिकगुद्री बजारको हाटकर छुट सम्बन्धमा छलफल गर्दा आवश्यक राय सुझावका लागी राजश्व परामर्श समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं १२

आ.व. ०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको सिलसिलमा वार्षिक बजेटको लक्ष्य अनुसार कुनै श्रोतमा न्यून प्राप्ती/असुली भएको कारणले बजेट खर्च गर्न रकम अभाव भएमा त्यस्ता श्रोतहरुमा सशर्त बाहेकका अन्य जुनसुकै श्रोतहरुमा तत्काल बचत भएको रकमलाई श्रोतान्तर गरि खर्च गर्ने गरि नगर प्रमुखज्यूले गरेको निर्णयलाई अनूमोदन गर्ने निर्णय गरियो ।